# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

**आ.व. २०७८/०७९ को नदिजन्य सामाग्री ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन, उत्खनन् गरी विक्री गर्ने कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना**

**(Electronic Bid Only)**

**(प्रथम पटक प्रकाशित मिति २०७८/०५/१ गते )**

भिमाद नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गर्ने उद्देश्यले "स्थानीय सरकार संचालन ऐन, २०७४" को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) र सोही ऐनको दफा ६२ क. बमोजिम आ.व. २०७८/०७९का लागी यस नगरपालिका क्षेत्र भित्रका देहाय बमोजिमका स्थानहरुबाट नदी जन्य सामाग्री ढुंगा, गिटी, वालुवा, माटो, दहत्तरबहत्तर संकलन शुल्क भिमाद नगरपालिकाको वातावरण तथा प्रकृतिक स्रोत संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE)मा तोकिए बमोजिमको परिमाणमा गण्डकी प्रदेश सरकारको आर्थिक ऐन, २०७८ ले तोके बमोजिमको दरबाट कायम हुन आएको न्यूनतम रकमबाट बढाबढ हुने गरि ठेक्का बन्दोबस्ती गर्न यो सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्म/कम्पनीहरुले बोलपत्र फारम दस्तुर जम्मा गरी देहायको मिति र समयभित्र बोलपत्र पेश गर्नुहुन सुचित गरिन्छ । अन्य थप जानकारीका लागी यस कार्यालयको सुचना पाटी तथा कार्यालयको वेभ साइट www.bhimadmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

**ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर संकलन आदि प्राकृतिक स्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| सि.नं. | प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, २०७७ अनुसारको घाटको विवरण | उत्खनन हुने अधिकतम परिमाण (घनफिट) | न्यूनतम रकम (मु.अ.कर र आय कर सहित) | बोलपत्र जमानत रकम (धरौटी रकम) | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| 2/Inc/Bm/078/79 | बादरकुना तल्लो खण्ड/सेती नदी दायाँ किनारा, भिमाद -५ | 279473.04 | 2239977.00 | कबोल अंक (मु.अ.क. र आयकर सहितमा) को ५% ले हुन आउने रकम | 3000 |
| 3/Inc/Bm/078/79 | बादरकुना माथिल्लो खण्ड/सेती नदी दायाँ किनारा, भिमाद -५ | 335791.09 | 2691366.00 | | 3000 |
| 4/Inc/Bm/078/79 | झकास/सेती नदी दायाँ किनारा, भिमाद -५ | 503051.47 | 4031958.00 | | 3000 |
| 5/Inc/Bm/078/79 | तल्लो दब्ल्याङ्ग/ सेती नदी दायाँ किनारा, भिमाद -५ | 200077.29 | 1603620.00 | | 3000 |
| 6/Inc/Bm/078/79 | कार्तिके/सेती नदी दायाँ किनारा, भिमाद -५ | 274391.71 | 2199250.00 | | 3000 |
| 7/Inc/Bm/078/79 | कुलुङ्ग खोला वडा नं. १ | 83206.74 | 654175.00 | | 3000 |

Chief Administrative Officer

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

**<u>बोलपत्र सम्बन्धी शर्तहरु:-</u>**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको एन.आइ.सी. एसिया बैंक, भिमाद शाखामा रहेको आन्तरिक राजस्व खाता नं १०७२०५७५००६४९००३ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । E-bidding को लागि PPMO को website http://www.bolpatra.gov.np/egp मा सवै कागजातहरु Scan गरि PDF format मा बोलपत्र पेश गर्नुपर्नेछ ।
- बोलपत्र फारमहरु नियमानुसार यस नगरपलिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्बर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ता प्रमाण पत्र,बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वघोषणा पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरी PDF format मा Upload गरि सुचना प्रकाशित भएको मितिले ३१ औ दिन अर्थात मति २०७८/०५/३१ गते दिनको १२:०० वजे भित्र e-submission गर्नुपर्नेछ र e-submitted वोलपत्रहरु सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।
- बोलपत्रदाताले E-biddig मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format वा Corrupted भएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको सातौ दिन भित्र बोलपत्रदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक भिमाद शाखामा रहेको धरौटि खाता नं A७CA५००६४९५२४००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानत पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कको अग्रिम आयकर वापतको १.५% र मु.अ.कर बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युनतम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता कबोल अंकमा न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा बाँकी रकमको १०% थप गरी जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०७९ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०७९ साल बैशाख मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा बढिमा कबोल अंकको मुल्य अभिवृद्धि कर र अग्रिम आय कर बाहेकको रकममा ५ % छुट दिई न्यूनतम अकमा नघट्ने गरि सम्झौता गर्न सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा नगरपालिकाको तर्फवाट ठेक्का तोडी वाँकी रहेको किस्ता वैक ग्यारेण्टी (परफरमेन्स वण्ड) वाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ । अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रदाताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न हुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

Bhimad Municipality
Office of the Municipal Executive, Tanahun
Province No. 4, Nepal
2073

Chief Administrative Officer

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

शर्तहरुः

१. ठेक्का अवधि सम्झौता मिति देखी २०७९ सालको जेष्ठ मसान्तसम्म हुनेछ ।

२. बोलपत्र फारमको लागी बोलपत्र दाखिला हुने समयभित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको NIC Asia Bank, भिमाद शाखामा रहेको आन्तरिक राजश्व खाता नं. १०७२०५७५००६४९००३ जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्छ । E-bidding मार्फत सहभागीको लागी PPMO को Website http://www.bolpatra.gov.np/egp मा सबै कागजातहरु Scann गरी PDF Format मा बोलपत्र पेश गर्नुपर्नेछ।

३. बोलपत्र फारमहरु नियमानुसार यस नगरपालिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाणपत्रको अतिरिक्त व्यक्ति, संस्था, फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाणपत्र र स्थायी लेखा नं. (मु.अ.क. सहितको) प्रमाणपत्र तथा आर्थिक वर्ष २०७६/०७७ को कर चुक्ता प्रमाण पत्र ,बोलपत्रको लागी योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसूर नभएको र सजाय नपाएको भनी स्वघोषणा पत्र, सम्बन्धित कार्यको लागी अख्तियारी पत्रको Scan गरी PDF Format मा Upload सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजेभित्र e-submission गर्नुपर्नेछ र e-submitted बोलपत्रहरु सोही दिनको १ बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।

४. बोलपत्रदाताले E-bidding मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाईल Unreadable Format वा Corrupted भएमा मूल्याङ्कनमा समावेश गरिने छैन साथै बोलपत्र खोलेको सातौं दिनभित्र बोलपत्रदाताले बोलपत्र पेश गर्दा समावेश भएको कागजाताहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पूर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. बोलपत्र फारम भरी पेश गर्दा आफुले कबुल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग लेखी तोकिएको धरौटी रकम यस कार्यालयको NIC Asia Bank भिमाद शाखामा रहेको धरौटी खाता नं. A7CA500649524004 मा जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्न अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको रित पूर्वकको बैंक जमानतपत्र (विडबोन्ड) पेश गर्नुपर्नेछ ।

६. ठेक्का सम्झौता गर्दा कबोल अंकको अग्रिम आयकर बापतको १.५% र मु.अ.क. बापतको १३% रकम बोलपत्रदाताले व्यहोर्ने गरी कुल जम्मा रकमलाई सम्झौता रकम कायम गरिनेछ ।

७. स्वीकृत ठेक्का अंकलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्यूनतम ५०% र बाँकी रकम दोस्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्यूनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरी बाँकीको हकमा जमानत बापत नेपाल सरकारको मान्यता प्राप्त वाणिज्य बैंकबाट २०७९ श्रावण मसान्तसम्म मान्य हुने बैक ग्यारेण्टी (परफर्मेन्स वण्ड) पेश गर्नुपर्नेछ । साथै बाँकी रकमको किस्ता २०७९ साल बैशाख मसान्त भित्र भुक्तान गर्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।

८. स्वीकृत ठेक्का अंकको पुरै रकम सम्झौताका बखत एकमुस्ट बुझाउन चाहेमा बढीमा ५% छुट दिई सम्झौता गर्न सकिनेछ ।

९. तोकिएको किस्ता म्यादभित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडि बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असूल उपर गर्ने गरी कानूनी प्रक्रिया अपनाईनेछ ।असूल गर्न बाँकी रकममा ५% थप क्षतिपूर्ती समेत जोडी सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१०. कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ।

११.बोलपत्र पेश गर्दा राखेको कबोल अंकको ५% धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईनेछ ।

Bhimad Municipality Office of the Municipal Executive Province No. 4 Nepal 2073

Chief Administrative Officer

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

१२. बोलपत्रदाताले सम्झौतापत्रको पट्टापूर्जीमा तोकिएको वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा शुल्क संकलन गर्नुपर्नेछ । रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ । सो भन्दा फरक हुनेगरी कर संकलन गरेमा ठेक्का सम्झौता रद्द गरी नियमानुसार कारवाही हुनेछ ।

१३. पेश भएका बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१४. विस्तृत जानकारीका लागी यस कार्यालयको सूचना पाटीमा हेर्नुहुन वा कार्यालय समयभित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नुहुन सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

१५. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिका कार्यालयलाई बुझाउन पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१६. नगरपालिका कार्यालय भिमादले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकदारले आफ्नो तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१७. बोलपत्रदाताले ठेक्का सम्झता पछि नगर कार्यपालिकाको कार्यलयलाई बुझाउने पर्ने रकममा कुनै किसिमको मिनाहाको लागी दावी गर्न पाईने छैन ।

१८. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी प्राकृतिक स्रोत कर संकलन गर्न पाईने छैन ।

१९. बोलपत्रदाताले राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र राजश्व सङ्कलन गर्न कर्मचारीलाई परिचयपत्र लगाईमात्र सङ्कलन कार्य गराउनुपर्नेछ ।

२०. नगरपालिकाबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE), २०७७ मा घाटगद्दी स्थल नतोकिएको स्थानबाट कसैलेपनि नदी जन्य पदार्थ सङ्कलन उत्खनन् गर्न पाईने छैन । यसरी घाटगद्दी नतोकिएको स्थानबाट संकलन/उत्खनन् गरेको पाइएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

२१. ढुंगा, वालुवा, ग्रावेल, गिट्टि उत्खनन् गर्दा गण्डकी प्रदेश सरकारबाट स्वीकृत ढुंगा, वालुवा, ग्रावेल, गिट्टि उत्खनन्, संकलन क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को पालना गर्नुपर्नेछ ।

२२. नदी किनारबाट भू-क्षय हुने गरी डिल, भिर, भित्तो खनी खोस्री गरी ढुंगा, वालुवा, ग्रावेल, गिट्टि निकाल्न पाईने छैन ।

२३. नदी खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुंगा तोड्न वा फोड्न पाईने छैन । साथै ढुंगा, वालुवा, ग्रावेल, गिट्टि भरान माटो झिक्न मेसिनको प्रयोग गर्न पाईने छैन । स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE), २०७७ ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमति लिएरमात्र घाटगद्दी स्थल तोकेर प्रयोग गर्न पाईने छैन ।

२४. भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनुपर्नेछ । साथै ढुंगा, वालुवा, ग्रावेल, गिट्टि आदि छोपेर मात्र ढुवानी गर्ने प्रबन्ध मिलाउनु पर्नेछ ।

२५. बोलपत्रदाताले घाट क्षेत्रमा फोहरमैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ । साथै बोलपत्रदाताले बस्ती क्षेत्रमा ध्वनी प्रदूषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२६. बोलपत्रदाताले कामदारहरुका लागी प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदिको व्यवस्था मिलाउन ढुवानी साधनलाई जानकारी गराउनु पर्नेछ ।

२७. बोलपत्रदाताले ३/३ महिनामा संकलन तथा उत्खनन् परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टि नगदी रसिद पनि फिर्ता गर्नुपर्नेछ ।

२८. बोलपत्रदाताले नदीजन्य पदार्थ संकलन, उत्खनन् हुने घाटगद्दि स्थल सम्बन्धीका खर्चहरु स्वयम् आफैले व्यहोर्नु पर्नेछ ।

२९. विहान सूर्योदय भन्दा अगाडी र साँझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दि स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।-

३०. खोला र नदीको घाटगद्दि स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी बोलपत्रदाता आफैंले बनाई सबै सरोकारवालाहरुले दख्ने गरी आफ्नै खर्चमा राख्नुपर्नेछ ।

Bhimad Municipality, Office of the Municipal Executive, Tanahun, Province No. 4, Nepal, 2073

Chief Administrative Officer

# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहुँ, गण्डकी प्रदेश, नेपाल
२०७३

३१. नेपाल सरकारले विक्रीकर छुटका लागी गरेका निर्णय बाहेक यस भिमाद नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोलाबाट नदीजन्य पदार्थ संकलन/उत्खनन् गरे बापत नगरपालिकाको प्राकृतिक स्रोत कर सबैले तिर्नु पर्नेछ । कसैले नगरपालिकाको प्राकृतिक स्रोत कर तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

३२. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागी अभिन्न अंगको रुपमा मानिनेछ ।

३३. प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE), २०७७ का प्रावधानहरुको व्याख्या गर्ने अधिकार यस भिमाद नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

३४. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम एवम् प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE), २०७७ बमोजिम हुनेछ ।

३५. यस ठेक्कामा सहभागी हुन चाहने ईच्छक फर्म, संस्थाले प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन(IEE), २०७७, गण्डकी प्रदेश सरकारको स्वीकृत आर्थिक ऐन, २०७७ ढुंगा, वालुवा, ग्रावेल, गिट्टि उत्खनन् संकलन क्रसिङ र विक्री वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ लगायत अन्य सम्बन्धित कागजातहरु राम्रोसँग अध्ययन गर्नुहुन अनुरोध छ ।

बोलपत्रदाताको नामः
ठेगानाः
हस्ताक्षरः
मितिः

Bhimad Municipality Office of the Municipal Executive, Tanahun Province No. 4, Nepal 2073

Chief Administrative Officer